890

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २६५/२०७१/०७२

निर्णय नं.२२

नवलपरासी जिल्ला रामग्राम नगरपालिका ९ बस्ने परमेश्वर धरिकार ......................................१ निवेदक

विरूद्ध

प्रधानाध्यापक, श्री जनता निम्न माध्यमिक विद्यालय, रामग्राम न.पा, ९ जोकवार, नवलपरासी .....१ विपक्षी

विषय :- कानुन बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

नवलपरासी जिल्ला रामग्राम नगरपालिका ९ बस्ने परमेश्वर धरिकारले श्री जनता निम्न माध्यमिक विद्यालय, रामग्राम नगरपालिका, ९ जोकवार, नवलपरासी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।०७ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री जनता निम्न माध्यमिक विद्यालय, रामग्राम नगरपालिका, ९ जोकवार, नवलपरासीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. २०६६।११।१० मा शिक्षक पदपूर्तिको लागि गरिएको सूचनाको प्रतिलिपि ।

२. नियुक्ति भएका शिक्षकहरुको नियुक्ति पत्रको प्रतिलिपि ।

३. नियुक्ति पाउँ भनी निवेदक परमेश्वर धरिकारले दिएको निवेदनको प्रतिलिपि ।

४.आवेदन फारमसाथ निवेदकले दिएको निवेदनको प्रतिलिपि ।

५. पी.सी.एफ. कोटा प्राप्त भएको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।